नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)

मासिक कार्यसम्पादन पत्र

महिना : जुन वर्ष : ५ अंक : ६

१. नेपालमा बाल अधिकारसम्बन्धी अध्ययनहरूको नक्साङ्कन (प्रारम्भिक प्रतिवेदन) सम्बन्धी अनुसन्धान निष्कर्ष सार्वजनिक तथा छलफल कार्यक्रम सम्पन्न :



२४ जुन २०२६: कन्सोर्टियम-नेपालले गुड सेफर्ड ईन्टरनेश्नल फाउण्डेसनको सहकार्यमा "नेपालमा बाल अधिकारसम्बन्धी अध्ययनहरूको नक्साङ्कन (प्रारम्भिक प्रतिवेदन)" सम्बन्धी अनुसन्धान निष्कर्ष सार्वजनिक तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सरकारी निकाय, विकास साझेदार, शैक्षिक तथा अनुसन्धानमा कार्यरत संस्था, नागरिक समाज, बाल अधिकार क्षेत्रमा कार्यरत संस्थाहरू, कन्सोर्टियम-नेपालका सदस्य संस्था, पूर्व अध्यक्ष तथा सल्लाहकारहरू, साथै गुड सेफर्ड नेपाल र भारतका प्रतिनिधिसहित करिब ६० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता कन्सोर्टियम-नेपालका अध्यक्ष प्रदिप कुमार लामिछानेले गर्नुभएको थियो । स्वागत मन्तव्यका क्रममा उहाँले बाल अधिकारसम्बन्धी प्रभावकारी नीति तथा पैरवीका लागि प्रमाणमा आधारित अनुसन्धानको आवश्यकता औँल्याउँदै, नेपालमा भएका अध्ययनहरूको समग्र नक्साङ्कन गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको बताउनुभयो ।



प्रमुख अनुसन्धानकर्ता कपिल अर्यालले प्रारम्भिक निष्कर्ष प्रस्तुत गर्दै संविधान जारी भएपछिका बाल अधिकारसम्बन्धी अध्ययनहरूको विश्लेषण गर्नुभएको थियो । प्रस्तुतिमा बाल संरक्षणका विषयमा अपेक्षाकृत बढी अनुसन्धान भएको देखिए पनि बाल सहभागिता, मनोसामाजिक स्वास्थ्य, अपाङ्गता समावेशीकरण, डिजिटल सुरक्षा, जलवायु परिवर्तन, बसाइँसराइ, राज्यको जवाफदेहिता तथा स्थानीय शासनजस्ता विषयमा थप अध्ययन आवश्यक रहेको उल्लेख गरिएको थियो ।

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
मासिक कार्यसम्पादन पत्र

छलफलका क्रममा सहभागीहरूले अनुसन्धानलाई नेपालमा छरिएर रहेका बाल अधिकारसम्बन्धी अध्ययनहरूलाई एकीकृत रूपमा संकलन गर्ने महत्वपूर्ण प्रयासका रूपमा प्रशंसा गर्दै कार्यविधि थप स्पष्ट बनाउन, विश्वविद्यालयका शोधपत्र, अप्रकाशित तथा प्रदेशस्तरका अध्ययनहरू समावेश गर्न, र उदीयमान विषयहरूलाई थप प्राथमिकता दिन सुझाव दिएका थिए । साथै अनुसन्धान, नीति निर्माण र पैरवीबीचको समन्वयलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिइएको थियो ।

कार्यक्रममा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र समाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, राष्ट्रिय बाल पैरवी परिषद् तथा गुड सेफर्डका प्रतिनिधिहरूले अनुसन्धानले प्रमाणमा आधारित नीति निर्माण र बाल अधिकार पैरवीलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमको समापन गर्दै कन्सोर्टियम-नेपालकी उपाध्यक्ष अनिता पाण्डेले प्राप्त सुझाव तथा थप सामग्रीलाई अन्तिम प्रतिवेदनमा समावेश गरिने जानकारी दिँदै अन्तिम प्रतिवेदन नीति निर्माता, अनुसन्धानकर्ता, विकास साझेदार तथा बाल अधिकारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास व्यक्त गर्नुभयो ।

२. बालबालिकाको नागरिक तथा राजनीतिक अधिकार सुनिश्चित गर्न बहुपक्षीय सहकार्य आवश्यक: सरोकारवालाहरू:



२२ जुन २०२६ कन्सोर्टियम-नेपालले डिकेए अस्ट्रियासँगको सहकार्यमा "बालबालिकाको नागरिक स्थान तथा राजनीतिक अधिकारसम्बन्धी बहुपक्षीय संवाद कार्यक्रम" सम्पन्न गरेको छ । कार्यक्रममा सरकारी निकाय, नागरिक समाज, बाल अधिकारकर्मी, विकास साझेदार तथा अन्य सरोकारवालासहित ४० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्देश्य बालबालिकाको नागरिक स्थान तथा राजनीतिक अधिकारबारे साझा बुझाइ विकास गर्नु, बाल सहभागिताका कानुनी, सामाजिक तथा राजनीतिक आयाममाथि छलफल गर्नु, विभिन्न सरोकारवालाको भूमिका स्पष्ट गर्नु तथा निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका अवसर र चुनौती पहिचान गर्नु रहेको थियो ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)

मासिक कार्यसम्पादन पत्र

कार्यक्रमको उद्घाटन सत्रमा राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्द आफ्ना भनाईहरु राख्नुभएको थियो । उहाँले बालबालिकालाई अधिकारवाहक नागरिकका रूपमा स्वीकार गर्दै उनीहरूको विचार, अभिव्यक्ति र सहभागिताको सम्मान गर्नु लोकतान्त्रिक समाज निर्माणका लागि आवश्यक रहेको बताउनुभयो ।

कन्सोर्टियम-नेपालका उपाध्यक्ष अनिता पाण्डेले स्वागत मन्तव्यका क्रममा बालबालिकाको अर्थपूर्ण सहभागिताले लोकतान्त्रिक मूल्य र सुशासनलाई बलियो बनाउने उल्लेख गर्दै बालबालिकाका आवाज नीति तथा निर्णय प्रक्रियामा समावेश हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा बाल अधिकार अभियन्ता मिलन धरेलले "बालबालिकाको नागरिक स्थान तथा राजनीतिक अधिकार" विषयमा प्रस्तुति दिँदै नेपालमा बाल सहभागिताको विकासक्रम, संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, नागरिक क्षेत्रको अवधारणा तथा बालबालिकाको राजनीतिक अधिकारका विविध पक्षबारे प्रकाश पार्नुभयो । उहाँले

बालबालिकालाई केवल संरक्षणको विषय नभई सक्रिय नागरिक र अधिकारवाहकका रूपमा स्वीकार गर्दै उनीहरूको सुरक्षित, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रस्तुतीकरणपछि सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी राज्य, राजनीतिक दल, निजी क्षेत्र, विद्यालय तथा समुदाय, परिवार र नागरिकसमाज संस्थाको भूमिकाबारे छलफल गरिएको थियो ।

कार्यक्रमको समापनका क्रममा राष्ट्रिय बाल पैरवी परिषद्का संयोजक कृषन साह तेलीले बालमैत्री घोषणा मात्रै पर्याप्त नभई व्यवहारमा बाल अधिकारको सम्मान र कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । उहाँले बालबालिकाको आवाजलाई नीति निर्माण तथा कार्यान्वयनका सबै तहमा प्रभावकारी रूपमा समावेश गर्न सरोकारवालालाई आह्वान गर्नुभयो ।

कन्सोर्टियम-नेपालकी सचिव निरिजना भट्टले सहभागी, सहजकर्ता तथा साझेदार संस्थाप्रति धन्यवाद व्यक्त गर्दै बालबालिकाको नागरिक स्थान र राजनीतिक अधिकार प्रवर्द्धनका लागि आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमले बालबालिकाको नागरिक स्थान र राजनीतिक अधिकारसम्बन्धी साझा बुझाइ विकास गर्नुका साथै सरकार, नागरिक समाज, परिवार, विद्यालय, निजी क्षेत्र तथा राजनीतिक दलहरूको साझा जिम्मेवारीलाई स्पष्ट गर्दै बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न बहुपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धतासहित सम्पन्न भएको थियो ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
मासिक कार्यसम्पादन पत्र

३. बागमती र कर्णाली प्रदेशमा कन्सोर्टियम नेपालको प्रदेश समिति गठन सम्पन्न :

कन्सोर्टियम नेपालले बागमती प्रदेश र कर्णाली प्रदेशमा सफलतापूर्वक प्रदेश समिति गठन गरेको छ । प्रदेशस्तरीय संरचना विस्तारसँगै बाल सहभागिता, बाल अधिकार प्रवर्द्धनका विषयलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा गरिएको छ ।

प्रदेश समितिहरूको सक्रियतामार्फत बाल सहभागिताको अभियानलाई प्रदेशदेखि स्थानीय तहसम्म विस्तार गर्दै बाल अधिकार सुनिश्चितताका लागि सामूहिक प्रयासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

नव गठित प्रदेश समिति यस प्रकार रहेको छ,

बागमती प्रदेश समिति:
संयोजक - भिम प्रसाद उपाध्याय
सह-संयोजक - सदिक्षा खड्का
सदस्य - अभिनाष कार्की
सदस्य - सुरज श्रेष्ठ
सदस्य - कमल फुयाल

कर्णाली प्रदेश समिति:
संयोजक - राज बहादुर रोकाया
सह-संयोजक - मिना थापा
सदस्य - लोकेश गिरि
सदस्य - कृष्ण राज धमला
सदस्य - एच आर डि सि, जाजरकोट

४. बाल अधिकार पैरवी सुदृढ गर्न राष्ट्रिय बाल पैरवी परिषद् तथा प्रादेशिक बाल क्लबका संजालका सदस्यहरूको लागि पैरवी कार्यशाला सम्पन्न :



२७ जुन २०२६, कन्सोर्टियम-नेपालले गुड सेफर्ड ई. फाउन्डेसनसँगको सहकार्यमा कर्णाली प्रदेशमा राष्ट्रिय बाल पैरवी परिषद् तथा प्रादेशिक बाल क्लब संजालका सदस्यहरूका लागि बाल अधिकार पैरवी कार्यशाला सफलतापूर्वक सम्पन्न गरेको छ ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal


नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
मासिक कार्यसम्पादन पत्र

कार्यशालामा कर्णाली, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरू तथा कर्णाली प्रदेशका प्रादेशिक बाल क्लबका सदस्यहरूको सहभागिता रहेको थियो । कार्यशालाले बालबालिकाबीच सिकाइ, अनुभव आदानप्रदान, सहकार्य तथा बाल अधिकार पैरवीमाउनीहरूको नेतृत्व क्षमता अभिवृद्धि गर्ने अवसर प्रदान गरेको थियो ।

कार्यक्रमका क्रममा सहभागीहरूले राष्ट्रिय बाल पैरवी परिषद्को SWOT विश्लेषण गर्दै संस्थागत सबल पक्ष, चुनौती, अवसर तथा सुधारका क्षेत्रहरूको समीक्षा गरेका थिए । साथै, बाल अधिकार, अर्थपूर्ण बाल सहभागिता, बाल-नेतृत्वमा हुने अनुसन्धान तथा त्यसले सामाजिक परिवर्तनमा खेल्ने भूमिकाबारे अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

कार्यशालामा पैरवी भनेको के हो, यसको आवश्यकता किन छ, र बालबालिकाले पैरवी प्रक्रियामा किन सक्रिय भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयमा विस्तृत छलफल गरिएको थियो । सहभागीहरूले आफ्ना अनुभव, सिकाइ तथा स्थानीय तहमा बाल अधिकार प्रवर्द्धनका सम्भावित रणनीतिहरूबारे विचार आदानप्रदान गरेका थिए। कार्यक्रमले समुदायमा सकारात्मक परिवर्तनका संवाहकका रूपमा बालबालिकाको भूमिका अझ सशक्त बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको विश्वास व्यक्त गरिएको छ ।

५. राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूका लागि क्यान्भा (Canva) तालिम सम्पन्नः



७ जुन २०२६ : कन्सोर्टियम-नेपालले राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूको डिजिटल क्षमता अभिवृद्धि गर्ने उद्देश्यले क्यान्भा तालिम सफलतापूर्वक सम्पन्न गरेको छ । तालिम भौतिक तथा भर्चुअल (हाइब्रिड) माध्यमबाट सञ्चालन गरिएको थियो, जसमा काठमाडौंस्थित सहभागि र भर्चुअल माध्यम मार्फत गरी २३ जना सदस्यहरूको सहभागिता रहेको थियो ।

तालिमको उद्देश्य सहभागिहरुलाई क्यान्भाको आधारभूत तथा मध्यम स्तरका डिजाइन सीप विकास गराउनु, बाल अधिकारसम्बन्धी पैरवी अभियानका लागि पोस्टर, फ्लायर तथा सामाजिक सञ्जाल सामग्री तयार गर्न सक्षम बनाउनु तथा Visual Communication सम्बन्धी क्षमता अभिवृद्धि गर्नु रहेको थियो ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal


नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
मासिक कार्यसम्पादन पत्र

कार्यक्रममा सहजकर्ताले क्यान्भाको प्रयोग, महत्व तथा बाल अधिकार पैरवीमा डिजिटल सामग्रीको प्रभावकारी प्रयोगबारे प्रस्तुति दिनुभएको थियो । उहाँले टेम्प्लेट प्रयोग तथा तस्बिर समावेश, लेआउट व्यवस्थापनलगायतका विभिन्न डिजाइन उपकरणहरूको प्रयोगबारे व्यावहारिक अभ्यास गराउनुभएको थियो ।

तालिमका क्रममा सहभागीहरूले आफ्नै पोस्टर तथा सामाजिक सञ्जालका लागि सामग्री तयार गर्दै सिकेका सीपलाई व्यवहारमा उतार्ने अवसर प्राप्त गरेका थिए। सहभागीहरूले डिजाइन तयार गर्ने क्रममा सहजकर्ताबाट प्रत्यक्ष सुझाव तथा मार्गदर्शन प्राप्त गरेका थिए, जसले उनीहरूको आत्मविश्वास र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याएको थियो ।

६. राष्ट्रिय बाल पैरवी परिषद् र कन्सोर्टियम-नेपालको कार्यसमिति बीच सहकार्य बैठक सम्पन्नः

२१ जुन २०२६ : राष्ट्रिय बाल पैरवी परिषद् र कन्सोर्टियम-नेपालको कार्यसमिति बीच सहकार्य, संस्थागत सुदृढीकरण तथा आगामी कार्यदिशाबारे छलफल गर्न संयुक्त बैठक सम्पन्न भएको छ। बैठकमा राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूले भौतिक तथा भर्चुअल (हाइब्रिड) माध्यमबाट सहभागिता जनाएका थिए भने कन्सोर्टियमका-कार्यसमिति सदस्यहरूको पनि सक्रिय सहभागिता रहेको थियो ।



बैठकको मुख्य एजेन्डाका रूपमा राष्ट्रिय बाल पैरवी परिषद् संचालन कार्यविधिको पुनरावलोकन तथा परिषद्को SWOT विश्लेषण रहेका थिए ।

कार्यक्रममा सहभागीहरूले वर्तमान कार्यविधिको समीक्षा गर्दै यसलाई समयसापेक्ष, प्रभावकारी र बालमैत्री बनाउन आवश्यक सुधारका विषयमा विस्तृत छलफल गरेका थिए। साथै, परिषद्को संरचना, भूमिका, कार्यप्रणाली तथा बाल सहभागितालाई अझ प्रभावकारी बनाउने विषयमा विभिन्न सुझावहरू प्रस्तुत गरिएका थिए । SWOT विश्लेषणका क्रममा सहभागीहरूले परिषद्को सबल पक्ष, सुधार गर्नुपर्ने क्षेत्र, भविष्यका अवसर तथा सम्भावित चुनौतीहरूको पहिचान गर्दै संस्थागत क्षमता अभिवृद्धि र प्रभावकारी नेतृत्व विकासका लागि आवश्यक रणनीतिहरूबारे विचार आदानप्रदान गरेका थिए ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
मासिक कार्यसम्पादन पत्र

७. कर्णाली प्रदेशमा बालबालिकाको नागरिक सहभागिता सम्बन्धी प्रादेशिक परामर्श सम्पन्न :



कन्सोर्टियम नेपालले डीकेए अस्ट्रियाको सहकार्यमा कर्णाली प्रदेशका विभिन्न बालअधिकार क्षेत्रमा कार्यरत संघ-संस्थाका प्रतिनिधिहरूसँग बालबालिकाको नागरिक स्थान सम्बन्धी प्रादेशिक परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा सहभागीहरूले कर्णाली प्रदेशमा बालबालिकाको नागरिक सहभागिताको वर्तमान अवस्था, चुनौती, अवसर तथा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक पहलहरूबारे विस्तृत छलफल गरेका थिए । छलफलका क्रममा बालबालिकाको सहभागितालाई संविधान तथा प्रचलित कानुनी व्यवस्थाले अधिकारका रूपमा सुनिश्चित गरे पनि यसको प्रभावकारी कार्यान्वयनमा अझै विभिन्न चुनौतीहरू रहेको सहभागीहरूले औँल्याए । सहभागीहरूले बालबालिकाका लागि सुरक्षित तथा सक्षम नागरिक सहभागिताको वातावरण निर्माण, स्थानीय तथा प्रदेश तहका निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने संयन्त्रको विकास, बाल क्लब तथा बाल नेतृत्वको सशक्तीकरण, नागरिक समाज र सरकारी निकायबीच समन्वय अभिवृद्धि तथा बालबालिकाको आवाजलाई नीति तथा योजना निर्माण प्रक्रियामा समावेश गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

कन्सोर्टियम नेपालका सदस्य संस्थाद्वारा संचालित गतिविधिहरु

१. टोखा नगरपालिकाका १६ विद्यालयमा साथीगत हिंसा तथा बाल संरक्षण सम्बन्धी कानुनी सचेतना कक्षा सञ्चालन सम्पन्न :

कानुनी साक्षरता नेपालले टोखा नगरपालिकाको सामाजिक समावेशीकरण शाखाको समन्वयमा टोखा नगरपालिकाभित्र रहेका १६ वटा विद्यालयमा साथीगत हिंसा (Peer Violence) तथा बाल संरक्षण सम्बन्धी कानुनी सचेतना कक्षा सञ्चालन गरेको छ। कार्यक्रममा ८ वटा सामुदायिक विद्यालय तथा ८ वटा संस्थागत (निजी) विद्यालय सहभागी भएका थिए ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)

मासिक कार्यसम्पादन पत्र

यस कार्यक्रममा कक्षा ९ र १० मा अध्ययनरत जम्मा ९६० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरूमा साथीगत हिंसाको पहिचान, असर, रोकथामका उपाय, बालअधिकार तथा बाल संरक्षण सम्बन्धी कानुनी व्यवस्थाबारे जानकारी गर्नुका साथै विद्यालयमा सुरक्षित र हिंसामुक्त सिकाइ वातावरण निर्माणमा विद्यार्थीहरूको सक्रिय सहभागिता बढाउनु रहेको थियो ।



कक्षामा समेटिएका मुख्य विषयवस्तुहरू :सहजीकरणका क्रममा साथीगत हिंसा (Peer Violence) को अवधारणा, यसको विभिन्न प्रकारहरू, कारणहरू, सामान्य लक्षणहरू तथा पीडित र हिंसामा संलग्न बालबालिकामा पर्ने मनोसामाजिक, शैक्षिक तथा व्यवहारगत असरहरूबारे जानकारी प्रदान गरिएको थियो ।



कन्सोर्टियम नेपालको कार्यसमिति बैठक सफलतापूर्वक सम्पन्न भएको छ । बैठकमा संस्थाको समग्र प्रगति, आगामी कार्यक्रम तथा रणनीतिक प्राथमिकतामाथि विस्तृत छलफल गरिएको थियो । साथै, बाल अधिकार र सहभागिता प्रवर्द्धन, संस्थागत सुदृढीकरण र आगामी कार्ययोजनालाई प्रभावकारी रूपमा अघि बढाउने विषयमा महत्वपूर्ण निर्णय तथा सुझावहरू आदानप्रदान गरिएका छन् ।

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)

मासिक कार्यसम्पादन पत्र

कन्सोर्टियम नेपालले जुन २०२६ मा सहभागि तथा सहकार्य गरेका विविध कार्यक्रमहरुको विवरण

क्र.स	कार्यक्रम	आयोजक
१.	बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति विषयक छलफल	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
२.	राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयन कार्ययोजना, बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति र कार्यान्वयन योजना, बालबालिका उत्तरदायी बजेट कोड संकेतका लागि गोष्ठि	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
३.	Consultation meeting on children's issues under the Criminal Code, Civil Code	CWIN Nepal
४.	CSO Consultation on list of issue for Nepal's CRC report	NACG Nepal
५.	जातिय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस	राष्ट्रिय दलित आयोग
६.	Consultation meeting on children's issues under the Criminal Code, Civil Code	CWIN Nepal
७.	समाज कल्याण परिषद् सम्बन्धी प्रस्तावित व्यवस्था, वैदेशिक सहयोगको परिचालन तथा नागरिक संगठनहरूको भूमिकासलगायतका विषयमा पत्रकार सम्मेलन	गैर सरकारी संस्था महासंघ नेपाल

कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal